## कस्तुरी मृग पहिचान सम्बन्धी अध्ययन परामर्शदाताको कार्यशर्त विवरण (Terms of Reference)

**TOR**

### १. पृष्ठभूमि (Background)

भोटखोला गाउँपालिका हिमाली भेगमा पर्ने भएकाले यहाँ जैविक विविधता प्रशस्त पाइन्छ। विशेषगरी कस्तुरी मृग ( musk deer)(**Moschus chrysogaster**) जस्तो दुर्लभ तथा संकटग्रस्त हुनुके साथै यो **CITES** को Appendix I मा परेको छ। भोटखोला गाउँपालिकामा कस्तुरी मृगको वासस्थान रहेको मानिन्छ। यसको संरक्षण तथा व्यवस्थापनका लागि वास्तविक अवस्थाको पहिचान आवश्यक देखिएको छ। त्यसैले यस अध्ययन मार्फत कस्तुरी मृगको अवस्था, र संरक्षणका उपाय पहिचान गर्न आवश्यक भएको हो।

### २. उद्देश्य (Objectives)

मुख्य उद्देश्यः

भोटखोला गाउँपालिका क्षेत्रमा कस्तुरी मृगको उपस्थिति पहिचान गर्नु।

विशेष उद्देश्यहरू:

- कस्तुरी मृग पाइने सम्भावित क्षेत्रहरूको नक्सांकन गर्नु।
- कस्तुरी मृगको अवस्थाको अनुमान गर्नु।
- वासस्थानको अवस्था (habitat condition) विश्लेषण गर्नु।
- स्थानीय समुदायको धारणा तथा संलग्नता बुझ्नु।
- संरक्षणका लागि आवश्यक सुझाव प्रस्तुत गर्नु।

### ३. कार्यक्षेत्र (Scope of Work)

अध्ययन टोलीले निम्न कार्यहरू गर्नुपर्नेछः

- सम्भावित वासस्थान रहेको क्षेत्रहरूको पहिचान र क्षेत्रीय भ्रमण
- प्रत्यक्ष तथा अप्रत्यक्ष संकेत (जस्तैः खुट्टाको छाप, मल, बासस्थान) विवरण
- स्थानीय वासिन्दासँग अन्तर्वार्ता तथा छलफल
- GPS प्रयोग गरी स्थानहरूको अभिलेखीकरण
- तथ्यांक संकलन, विश्लेषण र प्रतिवेदन तयार पार्ने

फुर्पु भोटे
प्रमुख प्रशासकीय अधिकृत

## ४. कार्यविधि (Methodology)

- साहित्य समीक्षा (Literature Review)
- फिल्ड सर्वेक्षण (Transect Walk, सम्भव भएमा Camera Trap प्रयोग)
- Key Informant Interview (KII)
- Focus Group Discussion (FGD)
- GIS Mapping तथा डेटा विश्लेषण

## ५. समयावधि (Timeline) – २.५ महिना

| चरण | विवरण | समय |
|---|---|---|
| १ | तयारी तथा योजना | १ हप्ता |
| २ | फिल्ड सर्वेक्षण | ५ हप्ता |
| ३ | डेटा विश्लेषण | २ हप्ता |
| ४ | प्रतिवेदन लेखन | २ हप्ता |

## ६. अपेक्षित उपलब्धि (Deliverables)

- फिल्ड सर्वेक्षण प्रतिवेदन
- अन्तिम प्रतिवेदन (Final Report)
- कस्तुरी मृगको बासस्थान रहेके वितरण नक्सा
- संरक्षणका लागि सिफारिसहरू

## ७. परामर्शदाताको योग्यता

- परामर्शादाता भ्याटमा दर्ता भएका हुनुपर्ने छ ।
- परामर्श दाताले वन तथा वन्यजन्तु सम्वन्धी क्षेत्रमा कार्य गरेको अनुभव हुनुपर्ने छ ।
- संस्थागत परमर्रश दाता हुनुपर्ने छ ।

## ८. अध्ययन टोलीको योग्यता (Team Composition)

- वन अध्ययन संस्थानबाट कम्ति स्नतक तह उतिर्रणा गरेका,कम्तीमा वन क्षेत्रमा १५ वर्षा कार्य अनुभव भएका – १ जना
- अनुसन्धान सहायक,जिअइ एस भुसुचना प्रणाली सम्वन्धी कार्य अनुभव – १ जना
- स्थानीय सहयोगी/गाइड – आवश्यक अनुसार

फुर्पु भोटे
प्रमुख प्रशाशकीय अधिकृत

## ८. प्रतिवेदन पेश गर्ने व्यवस्था (Reporting)

अध्ययन टोलीले भोटखोला गाउँपालिकामा अन्तिम प्रतिवेदन पेश गर्नेछ। आवश्यक परेमा प्रस्तुतीकरण (Presentation) पनि गरिनेछ।

## ९. बजेट (Budget)

- फिल्ड भ्रमण खर्च
- जनशक्ति खर्च
- उपकरण (GPS, Camera Trap आदि)
- प्रतिवेदन तयारी खर्च

  *(विस्तृत बजेट छुट्टै तयार गरिनेछ)*

## १०. समन्वय (Coordination)

अध्ययन कार्य भोटखोला गाउँपालिका, सम्वन्धित वन,कार्यालय तथा स्थानीय सरोकारवालासँग समन्वय गरी सञ्चालन गरिनेछ ।

## ११. अन्य सर्तहरू:

- प्रतिवेदनको प्रतिलिपि अधिकार भोटखोला गाँउपालिकामा रहनेछ ।
- परामर्शदाताले सम्झौता भएको मितिले २.५ महिना भित्र माथि उल्लित सम्पुर्ण कार्यहरु सम्पन्न गरी गाउँपालिकामा प्रतिवेदन सहितको विवरण पेश गरिसक्नु पर्नेछ ।
- माथि उल्लेखित कार्यहरु गर्न गाउँपालिकाले उपलब्ध गराउन सक्ने भौतिक सुविधा तथा आवश्यक समन्वय छनौट भएको परामर्शदातालाई उपलब्ध गराउन सक्नेछ ।
- भुक्तानि प्रणालि प्रचलित कानुन तथा सार्वजानिक खरिद ऐन तथा नियमावलीको अधिनमा हुने छ ।

फुर्पु भोटे
प्रमुख प्रसाशकीय अधिकृत

CamScanner